

धनगढी उपमहानगरपालिका

स्थानीय राजपत्र

खण्ड: १० **संख्या: ०२** **मिति: २०८३/०३/०९**

भाग-२

धनगढी उप-महानगरपालिका

धनगढी उपमहानगरपालिकाको कृषि उपज ढुवानी साधन सञ्चालन कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३ असार ६ गते
प्रमाणीकरण मिति : २०८३ असार ८ गते
राजपत्रमा प्रकाशित मिति: २०८३ असार ९ गते

प्रस्तावना: धनगढी उपमहानगरपालिका क्षेत्रभित्र कृषकहरुबाट उत्पादित कृषि उपजको सहज संकलन, ढुवानी तथा बजारीकरण गरी कृषकहरूको आय वृद्धि गर्ने उद्देश्यले कृषक समूह तथा कृषि सहकारीलाई ढुवानी साधन उपलब्ध गराई उक्त साधनको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ र धनगढी उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिम धनगढी उपमहानगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

धनगढी उप-महानगरपालिका राजपत्र

परिच्छेद–१

संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"धनगढी उपमहानगरपालिकाको कृषि उपज ढुवानी साधन सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिका बैठकबाट स्वीकृत भई धनगढी उपमहानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) **"उपमहानगरपालिका"** भन्नाले धनगढी उपमहानगरपालिकालाई सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ग) **"कृषि उपज ढुवानी साधन"** भन्नाले कृषिजन्य वस्तु संकलन तथा ढुवानीका लागि धनगढी उपमहानगरपालिकाबाट कृषक समूह वा कृषि सहकारी संस्थालाई नि:शुल्क उपलब्ध गराईएको ईलेक्ट्रोनिक वा डिजेल वा पेट्रोलबाट सञ्चालन हुने अटो, जीप, ट्रक वा कृषि उपजको ढुवानी गर्न मिल्ने अन्य सवारी साधनहरुलाई सम्झनु पर्दछ।

(घ) **"कृषक समूह"** भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि कृषकहरुबाट गठन भई उपमहानगरपालिकाको कृषि विकाससम्बन्धी कार्य हेर्ने शाखामा विधिवत् दर्ता भएको कृषक समूहलाई सम्झनु पर्दछ।

(ङ) **"कृषि सहकारी संस्था"** भन्नाले कृषि सहकारी सम्बन्धी काम गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम विधिवत् दर्ता भएको कृषि सहकारी संस्थालाई सम्झनु पर्दछ।

(च) **"कृषि उपज"** भन्नाले बजारीकरणको उद्देश्य राखी गरिएको कुनै पनि किसिमको कृषि तथा पशुजन्य उत्पादनलाई सम्झनु पर्दछ।

(छ) **"कृषक"** भन्नाले धनगढी उपमहानगरपालिकाले कृषि उपज ढुवानी साधन सञ्चालन उपलब्ध गराएको कृषक समूह वा कृषि सहकारी संस्थामा आवद्ध कृषकलाई सम्झनु पर्दछ।

धनगढी उप-महानगरपालिका राजपत्र

(ज) **"चालक"** भन्नाले कृषि उपज ढुवानी साधन चलाउने र सरसफाई गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) **"समिति"** भन्नाले धनगढी उपमहानगरपालिकाको कृषि उपज ढुवानीका लागि ढुवानी साधन सञ्चालन गर्न आवश्यक नीतिगत निर्णय गर्न गठित समिति सम्झनुपर्छ ।

परिच्छेद–२

उद्देश्य

३. **कार्यविधि उद्देश्य:** यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम हुनेछन्;

(क) कृषि उपज सामग्रीहरुलाई संकलनस्थलबाट विक्रीस्थल, प्रशोधनस्थल तथा भण्डारणस्थल सम्म छिटो, छरितो एवम् गुणस्तरीय तवरबाट पुर्‍याउन ढुवानी व्यवस्था गर्ने ।

(ख) कृषकहरूले उत्पादन गरेको कृषि उपजको उत्पादनोपरान्त हुने क्षती न्यूनिकरण गरी उपभोक्तासम्म ताजा र गुणस्तरीय उत्पादन पुर्‍याउने ।

(ग) कृषक उपजलाई कृषकहरुले उत्पादनस्थलदेखि उपभोक्तासम्म पुऱ्याउँदा लाग्ने खर्चको लागत घटाई आम्दानी वृद्धिमा सहयोग गरी कृषकहरुलाई आर्थिक रुपमा सबल बनाउने ।

परिच्छेद–३

समिति सम्बन्धी व्यवस्था

४. **समिति :** (१) कृषि उपज ढुवानीका लागि उपमहानगरपालिकाबाट कृषक समूह वा कृषि सहकारी संस्थालाई कृषि उपज ढुवानी साधन उपलब्ध गराउन तथा कृषि उपज ढुवानी साधन सञ्चालनका लागि आवश्यक नीतिगत निर्णय गर्न देहायको एक समिति रहनेछ ;

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) आर्थिक विकास सम्बन्धी कार्य हेर्ने समितिका संयोजक - सदस्य

(ङ) कार्यपालिकाका सदस्य मध्येबाट अध्यक्षले तोकेका दुई जना - सदस्य

(च) कार्यालयका कर्मचारीहरु मध्येबाट अध्यक्षले तोकेका दुई जना - सदस्य

(छ) कृषिसम्बन्धी काम हेर्ने शाखाका प्रमुख – सदस्य सचिव

धनगढी उप-महानगरपालिका राजपत्र

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञ, कर्मचारी तथा आवश्यक ठहर्‍याएका अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमका मनोनित सदस्यहरुको पदावधि मनोनित भएको मितिले दुईवर्षको हुनेछ । निजहरुलाई अर्को कार्यकालका लागि पुन: मनोनित गर्न सकिनेछ । तर, निजहरुमध्ये कार्यपालिका सदस्यहरु कार्यपालिकाको सदस्य नरहेमा र कर्मचारीहरु उपमहानगरपालिकाको कर्मचारी नरहेमा निजहरुको यस समितिको सदस्य पद स्वत: समाप्त भएको मानिनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार:**

(१) दफा ४ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ;

(क) कृषक समूह तथा कृषि सहकारी संस्थाहरु मार्फत कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापनका गर्नका लागि कृषक समूह तथा कृषि सहकारी संस्थाहरुलाई कृषि उपज सामग्री उपलब्ध गराउन आवश्यक नीतिगत निर्णयहरु गर्ने र तिनको कार्यान्वयन गराउने।

(ख) कृषि उपज ढुवानी साधन खरीदका लागि आवश्यक स्रोत साधन जुटाउने र बजेट तथा कार्यक्रम व्यवस्थापन गर्ने।

(ग) कृषि उपज ढुवानी साधन सञ्चालनका लागि आवश्यक निर्णयहरु गरी लागू गर्ने।

(घ) कृषक समूह तथा कृषि सहकारी संस्थाहरुलाई उपलब्ध गराईएको कृषि उपज ढुवानी साधनको सञ्चालन व्यवस्थापन सम्बन्धमा अनुगमन र समीक्षा गरी सेवाको गुणस्तर अभिवृद्धिका लागि आवश्यक निर्णय लिने।

(ङ) कृषक समूह तथा कृषि सहकारी संस्थाहरुलाई उपलब्ध गराईएको कृषि उपज ढुवानी साधनको सञ्चालन व्यवस्थापन सम्बन्धमा प्राप्त गुनासाहरूको व्यवस्थापन गर्ने, गराउने।

(च) कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने।

(२) समितिले उपदफा (१) बमोजिम गर्ने कार्यहरु समितिका कुनै पदाधिकारी वा नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखा मार्फत गर्ने गरी तोक्न वा प्रत्यायोजन गर्न सक्नेछ।

६. **समितिको बैठक र सञ्चालन विधि :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउनेछ।

(३) समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षको निर्णय अन्तिम हुनेछ । समितिका आमन्त्रित सदस्यहरुलाई निर्णयका लागि मताधिकार रहने छैन्।

(५) समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले तोकेबमोजिम हुनेछ।

परिच्छेद–४

लाभग्राही छनौट तथा सम्झौंता

७. **लाभग्राही छनोट:** (१) समितिले उपमहानगरमा मौजूदा रहेका कृषि उपज ढुवानी साधन वा कृषि उपज ढुवानीका लागि नयाँ खरिद गरिएका साधनहरु सञ्चालनका लागि देहायका आधारमा कृषक समूह वा सहकारी छनोट गर्नेछ ।

(क) उपमहानगरको नीति तथा कार्यक्रम बमोजिम कृषि उपज उत्पादन गरिरहेको ।

(ख) उपमहानगरको कृषिसम्बन्धी कार्य हेर्ने शाखाको अभिलेखमा दर्ता भएको ।

(ग) उपमहानगरद्वारा सञ्चालित कृषि पकेट क्षेत्र भई नियमित कृषि उपज उत्पादन तथा सङ्कलन कार्य गरिरहेको।

(घ) उपमहानगरबाट उपलब्ध गराईने कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापन गर्ने क्षमता भएको ।

(ङ) कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापनका लागि उपमहानगरपालिकासँग आवश्यक सम्झौता गर्न सहमत भएको ।

८. **सम्झौता:** दफा ७ मा उल्लेखित आधारमा कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापनका लागि छनौट भएको लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थासँग सम्झौंता गरी सम्झौंतामा उल्लेखित शर्तहरुमा रही कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापन गर्ने गरी कार्यालयले कृषि उपज ढुवानी साधन हस्तान्तरण सम्बन्धी कार्य गर्नेछ ।

परिच्छेद–५

कृषि ढुवानी साधन सञ्चालन प्रक्रिया

९. **सञ्चालन प्रक्रिया :** कृषि उपज ढुवानी साधनको सञ्चालन प्रक्रिया लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्था र उपमहानगरबीच भएको सम्झौंतामा उल्लेखित शर्तका अलावा देहायका आधारहरुको पालना गरी गर्नु पर्नेछ ;

(क) कृषि उपज ढुवानी साधन मुख्य रूपमा कृषि उपज संकलन, ढुवानी तथा बजारीकरणका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

(ख) कृषि उपज ढुवानी साधनको दैनिक सञ्चालन तालिका लाभग्राही कृषक समहू वा कृषि सहकारी संस्थाले स्वीकृत गरी उपमहानगरपालिकाको कृषिसम्बन्धी कार्य हेर्ने शाखामार्फत उपमहानगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

(ग) कृषि उपज ढुवानी साधन सञ्चालन गर्दा प्रचलित कानुन तथा ट्राफिक नियमको पालना गर्नुपर्नेछ।

(घ) कृषि उपज ढुवानी साधन कृषि उपज सामग्रीको ढुवानी प्रयोजनमा बाहेक अन्य काममा प्रयोग गर्न पाईनेछैन्।

१०. **जनशक्ति व्यवस्थापन:** दैनिक रुपमा कृषि उपज ढुवानी साधन सञ्चालनका लागि लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाले आफ्नै स्रोतबाट पारिश्रमिक उपलब्ध गराउने गरी देहायका आवश्यक जनशक्तिको नियुक्ति तथा परिचालन गर्नु पर्नेछ। यस वापत उपमहानगरपालिकाबाट कुनै प्रकारको पारिश्रमिक वा अन्य सेवा सुविधा उपलब्ध गराईने छैन्।

(क) जुन प्रकारको कृषि उपज ढुवानी साधन हो सो चलाउनका लागि आवश्यक पर्ने सवारी अनुपति पत्र (लाइसेन्स) भएको सवारी चालकको नियुक्ति तथा परिचालन।

(ख) कृषि उपज ढुवानी साधन सञ्चालनका लागि आवश्यक अन्य जनशक्तिको नियुक्ति तथा परिचालन।

११. **कृषि उपज संकलन तथा ढुवानी:** (१) लाभग्राही कृषक समूह तथा कृषि सहकारी संस्थाले कृषकहरुले उत्पादन गरेका कृषि उपजलाई स्वीकृत तालिका अनुसार नियमित रुपमा संकलन स्थान देखि भण्डार वा विक्री वा बजारसम्म ढुवानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) लाभग्राही कृषक समूह तथा कृषि सहकारी संस्थाले कृषि उपज सामग्री ढुवानी गरेवापत लाग्ने शुल्कको न्यूनतम् दर निर्धारण गरी उक्त न्यूनतम् दर बमोजिमको शुल्क कृषकबाट लिनेछ। यस उपदफा बमोजिम लिने शुल्क निर्धारणका लागि लाभग्राही कृषक समूह तथा कृषि सहकारी संस्थाले कुन ठाउँदेखि कुन ठाउँसम्म कति वजन वा आयतनको कुन सामग्रीको ढुवानीका लागि कति शुल्क लिने हो ? सो सम्बन्धि स्पष्ट गरेर मात्र लिनु पर्नेछ। यस उपदफा बमोजिम लिईने शुल्कको अभिलेख प्रचलित कानून बमोजिम अनिवार्य राख्नु पर्नेछ। यसमा दरको स्विकृति उपमहानगरबाट गराउनेछ।

१२. **सञ्चालन तथा व्यवस्थापन समिति:** लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाले उपमहानगरबाट उपलब्ध कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापनका लागि बढीमा ५ सदस्य रहेको छुट्टै समिति गठन गर्न सक्नेछ। यसरी गठित समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी व्यवस्था सम्बन्धित लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाले निर्धारण गरेबमोजिम हुनेछ।

१३. **मर्मत सम्भार तथा खर्च व्यवस्थापन:** कृषि उपज ढुवानी साधनको नियमित मर्मत सम्भार गर्ने, आवश्यक इन्धन व्यवस्थापन गर्ने, बीमा तथा नविकरण, पार्किङ लगायतका काम लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाले नै गर्नु पर्नेछ।

१४. **क्षतिपूर्ति तथा दायित्व:** (१) कृषि उपज ढुवानी साधनको दुर्घटना, लापरवाही वा दुरुपयोगबाट भएको क्षतिको जिम्मेवारी सम्बन्धित लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्था र चालकको हुनेछ।

(२) कृषि उपज ढुवानी साधनको चोरी, आगलागी वा प्राकृतिक विपत्तिबाट क्षति भएमा उपलब्ध प्रमाणका आधारमा सम्बन्धित निकायमा दाबी प्रक्रिया अघि बढाउने जिम्मेवारी सम्बन्धित लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाको हुनेछ।

(३) कसैले जानाजानी कृषि उपज ढुवानी साधनको क्षति पुऱ्याएको पाइएमा वास्तविक क्षतिको रकम क्षति पुऱ्याउनेबाट असुल उपर गर्नु पर्नेछ।

१५. **अभिलेख तथा प्रतिवेदन:** (१) लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाले कृषि उपज ढुवानी साधन सञ्चालनको सन्दर्भमा गरेका कामहरुको विवरण संलग्न गरी देहायका अभिलेखहरु राख्नु पर्नेछ।

(क) दैनिक सञ्चालन लगबुक

(ख) कृषि उपज संकलन विवरण

(ग) आय–व्यय विवरण

(घ) मर्मत सम्भार र खर्च विवरण

(ङ) जनशक्तिको हाजिरी विवरण

(च) मासिक तथा वार्षिक प्रतिवेदन

(२) उपदफा (१) बमोजिम राखिएका अभिलेखहरुको संक्षिप्त प्रतिवेदन प्रत्येक चौमासिकमा उपमहानगरपालिकाको कृषि विकाससम्बन्धी कार्य हेर्ने शाखामा पेश गर्नुपर्नेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

परिच्छेद–६

अनुगमन तथा मूल्याङ्कन

१६. **अनुगमन तथा मूल्याङ्कन:** (१) उपमहानगरपालिकाले आवश्यक ठानेको जुनसुकै समयमा लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थालाई सञ्चालनका लागि उपलब्ध गराईएको कृषि उपज ढुवानी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कामको अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनका क्रममा प्राप्त सुझाव कार्यान्वयन गर्न लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाको कर्तव्य हुनेछ।

परिच्छेद–७

विविध

१७. **कृषि उपज ढुवानी साधन फिर्ता लिन सकिने:** उपमहानगरपालिकाले उपलब्ध गराएको कृषि उपज ढुवानी साधन लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाले सम्झौंता विपरित प्रयोग गरेमा, लगातार छ महिनासम्म सञ्चालन नगरेमा, अभिलेख सम्बन्धी झुठा विवरण पेश गरेमा, कृषि उपजको ढुवानी भन्दा अन्य प्रयोजनमा दूरुपयोग गरेमा र अनुगमनको क्रममा कैफियत देखि अनुगमनकर्ताले दिएको सुझाव अनुसार सुधार नगरेमा उपमहानगरपालिकाले सम्बन्धित लाभग्राही कृषक समूह वा कृषि सहकारी संस्थाबाट जुनसुकै समयमा पनि उपलब्ध गराईएको कृषि उपज ढुवानी साधन फिर्ता लिन सक्नेछ। बिगारेको अवस्थामा मर्मत गरी फिर्ता दिनु पर्नेछ।

१८. **ढाँचा सम्बन्धी व्यवस्था:** यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक पर्ने कागजात तथा फारामहरुको ढाँचाहरु सम्बन्धित महाशाखा/शाखाले तत्काल निर्धारण गरेर प्रयोग गर्न सक्नेछन्।

१९. **बाधा अड्काउ,** (१) यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

२०. **बचाउ र संशोधन :** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएका विषयहरू कार्यालयबाट निर्णय भएबमोजिम हुनेछन्।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन आवश्यक भएमा नगर कार्यपालिकाबाट संशोधन हुनेछ।

आज्ञाले,

.....

जनकराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत